**संघीय संसद**

**शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति**

**२०८१ चैत २१ गते बिहीबार**

**बैठक संख्याः ११४**

**छलफल तथा निर्णय**

आगामी दिनमा हुन गइरहेको दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना तथा व्यवस्थापन सम्बन्धी तयारीको अवस्था सम्बन्धमा छलफल गर्न बसेको समितिको बैठक समितिका माननीय सभापतिको सभापतित्वमा बस्यो । समितिको बैठकमा माननीय युवा तथा खेलकूल मन्त्री तेजुलाल चौधरी, मन्त्रालयका सचिव डा. हरिप्रसाद लम्साल, राष्ट्रिय खेलकूद परिषद्का उपाध्यक्ष ध्रुर्व आचार्य तथा सदस्य सचिव श्री टंकलाल घिसिङको उपस्थिति रहेको थियो ।

**निर्णयः**

- आगामी २०८२ जेठ ३ देखि १० सम्म कर्णाली प्रदेशको सुर्खेतमा आयोजना हुने दशौं राष्ट्रिय खेलकूद प्रतियोगिता राष्ट्रिय गौरवको विषय भएकोले तोकिएकै समयमा सम्पन्न गर्न आवश्यक भौतिक पूर्वाधार लागयतका अन्य आवश्यक तयारी र व्यवस्थापनको कार्यलाई तिव्रताका साथ सम्पन्न गर्नेगरी सम्पूर्ण कार्य जतिसक्दो छिटो सक्न र भव्यताका साथ तोकिएकै मितिमा खेलकूद प्रतियोगताको आयोजना र व्यवस्थापन गर्न युवा तथा खेलकूद् मन्त्रालयलाई निर्देशन दिने।
- दशौं राष्ट्रिय खेलकूद प्रतियोगिताको आयोजनाको तयारी तथा व्यवस्थापनको कार्यमा आवद्ध सम्पूर्ण तह, निकाय र पदाधिकारीबीच प्रभावकारी समन्वय र सहकार्य गरी कार्य अगाडि बढाउन निर्देशन दिने।
- समितिमा आज भएको छलफलका आधारमा दशौं राष्ट्रिय खेलकूद प्रतियोगिता आयोजना स्थलमै समितिले स्थलगत अवलोकन गरी तयारी र व्यवस्थापनको बारेमा जानकारी लिनु आवश्यक देखिएकोले समितिमा प्रतिनिधित्व गर्ने दलहरुसँग समन्वय र परामर्श गरी सभापतिबाट एउटा सानो टिम गठन गरी यही मिति २०८१ चैत २२ देखि २४ सम्म दशौं राष्ट्रिय खेलकूद प्रतियोगिताको आयोजनास्थलको स्थलगत अवलोकन गरी जानकारी लिने ।
- समितिले देशभरका सबै विश्वविद्यालयको स्थलगत अवलोकन गरी विश्वविद्यालयको संचालनको अवस्थाका समग्र पक्षको बारेमा जानकारी लिने निति वमोजिम दशौं राष्ट्रिय खेलकूद प्रतियोगिताको स्थलगत अवलोकन गर्ने सिलसिलामा सोही स्थानमा रहेको मध्य पश्चिम विश्विद्यालयको समेत स्थलगत अवलोकन गर्ने ।

| | |
|---|---|
| ............................ | ............................. |
| दशरथ धमला | अम्मर बहादुर थापा |
| समिति सचिव | सभापति |